केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/९/०७३/७४ मिति: २०७३/०९/०८

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

यस बैंकको पत्रसंख्या: बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१३/०७२/७३ मिति: २०७२/१०/१० को परिपत्र मार्फत् जारी गरिएको **'आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२'** मा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार बुँदा नं. १ को उपबुँदा नं. (१) र बुँदा नं. ६ को उपबुँदा नं. (१) मा निम्न बमोजिम संशोधन भई आएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**१. बुँदा नं. १ को उपबुँदा नं. (१) मा गरिएको संशोधित व्यवस्था :**
*यस कार्यविधिको नाम "आर्थिक पुनरुद्धार कोष (स्थापना तथा सञ्चालन) (पहिलो संशोधन) कार्यविधि, २०७३" रहेको छ ।*

**२. बुँदा नं. ६ को उपबुँदा नं. (१) मा गरिएको संशोधित व्यवस्था :**
*बैंक तथा वित्तीय संस्थाले समितिले तोकेको मितिले पन्ध्र दिनभित्र आफ्ना ऋणीहरुलाई ब्याज अनुदानका लागि एक महिनाको अवधि तोकी सूचना दिनु पर्नेछ ।*

साथै, इजाजतपत्रप्राप्त संस्थाहरुले यसअघि ब्याज अनुदानका लागि निवेदन पेश गरिसकेका ऋणीहरुको हकमा पुन: निवेदन पेश गर्नु नपर्ने गरी निवेदन पेश नगरेका योग्य ऋणीहरुलाई मात्र एक महिनाभित्र निवेदन पेश गर्न भनी आर्थिक पुनरुद्धार कोष (स्थापना तथा सञ्चालन) (प्रथम संशोधन) कार्यविधि, २०७३ को बुँदा नं.६ (१) को संशोधित व्यवस्था बमोजिम यो निर्देशनको मितिले पन्ध्र दिनभित्र पुन: सूचना जारी गर्नु पर्नेछ । साथै, इजाजतपत्रप्राप्त संस्थाहरुले सोही कार्यविधि को बुँदा नं.७ बमोजिम योग्य ऋणीहरुलाई पुनरकर्जाको निवेदन पेश गर्न समेत सूचना जारी गर्नुपर्नेछ ।

भवदीय,

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।
(१४) श्री कर्जा सुचना केन्द्र, हेरिटेजप्लाजा, काठमाण्डौ ।